बेलबारी नगरपालिका

१ नं. प्रदेश, मोरङ

# बेलबारी नगरपालिकाको राजपत्र

बेलबारी नगरपालिकाबाट प्रकाशित

खण्डः१संख्याः१सम्वत् २०७५ असार ३२ गते (अतिरिक्ताङ्क “क")

**भाग १**

नेपालको संविधानको धारा २२६ बमोजिम तथा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम नगरसभाले बनाएको यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

*सम्वत् २०७५ सालको ऐन नं. २*

## बेलबारीनगरपालिकाको विनियोजन ऐन, २०७५

### प्रस्तावना:

बेलबारी नगरपालिकाको आर्थिक बर्ष २०७५/०७६ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बेलबारी नगरसभाले यो ऐन बनाएको छ ।

*प्रमाणिकरण मिति: २०७५।०३।१०*

**१. संक्षिप्तनाम र प्रारम्भ:**

(१) यस ऐनको नाम"बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन नगर सभाको अधिवेशनबाट स्वीकृत भएपछि मिति २०७५ सालश्रावण १ गते देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा :**

(क) "नगर सभा"भन्नाले बेलबारी नगरपालिको नगर सभालाई सम्झनुपर्दछ ।

(ख) "कार्यपालिका"भन्नाले बेलबारी नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्दछ।

(ग) "वडा समिति"भन्नाले बेलबारी नगरपालिकाको वडा समितिलाई सम्झनुपर्दछ ।

(ग) "विषयगतशाखा"भन्नाले बेलबारी नगरपालिकाअन्तर्गतको शाखा, उपशाखा, सेवाकेन्द्र तथाअन्यप्रशासनिक ईकाई समेतलाई सम्झनुपर्दछ ।

(घ) "सञ्चितकोष"भन्नाले बेलबारी नगरपालिकाको सञ्चितकोषलाई सम्झनुपर्दछ ।

**३. आर्थिक वर्ष २०७५/०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार:**

(१) आर्थिक वर्ष २०७५/०७६ को निमित्त बेलबारी नगरपालिका, नगर कार्यपालिका, वडा समिति, विषयगतशाखा, उपशाखातथा सेवा केन्द्रले गर्ने सेवा र

कार्यहरुकानिमित्त अनुसूची १ माउल्लेखितचालू खर्च, पूँजिगतखर्च र वित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८०,०२,१४,०००।०० ( अक्षेरुपीअसी करोड दुई लाखचौध हजार रुपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

**४. विनियोजनः**

(१) यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकमआर्थिक वर्ष २०७५/०७६ को निमित्त बेलबारी नगर कार्यपालिका, वडा समिति र विषयगतशाखा, उपशाखावा सेवा केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२) उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिनगर कार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमाअपुगहुने देखिनआएमानगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वाएकभन्दा बढी शीर्षकहरुबाट अर्को एक वाएकभन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजीगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यचालू खर्च शीर्षकतर्फ सार्न र वित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ विनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वाएकभन्दा बढी शीर्षकहरुमा रकमसार्न परेमानगरसभाको स्वीकृतिलिनुपर्नेछ।

# अनुसूची - १

## (दफा३ सँग सम्बन्धित)

## नेपालको संविधानको धारा २२९ (२) बमोजिमसञ्चित

## कोषवाट विनियोजन हुने रकम

| क.सं. | अनुदान | शीर्षकको नाम | चालु खर्च | पूँजीगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | राजस्व वाडफाँडबाटप्राप्तअनुदान ( संघीय सरकार) | ८००८६००० | २४२७८००० | ० | १०४३६४००० |
| २ | | वितिय समानीकरण (संघीय सरकार) | ८१०६८००० | ८८९३२००० | ० | १७००००००० |
| ३ | | वित्तिय समानीकरण (१ नं.प्रदेश सरकार) | ० | २३०००००० | ० | २३०००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | | सशर्त अनुदान (संघीय सरकार) | १६९९४८००० | २२९५२००० | ० | १९२९००००० |
| ५ | | सशर्त अनुदान (१ नं. प्रदेश सरकार) | ० | १०००००००० | ० | १०००००००० |
| ६ | | सशर्त अनुदान (संघीय सरकार) | १२०५००००० | ० | ० | १४४५००००० |
| ७ | | बाह्यश्रोत तथामौज्दात | ० | २४००००००० | ० | २४००००००० |
| ८ | | आन्तरिक श्रोत | १३४०००००० | ३२७५००००० | ० | ४६१५००००० |
| ९ | | ऋण अनुदान | ० | १०००००००० | ० | १०००००००० |
| १० | | लागत सहभागिता | ० | ३०००००००० | ० | ३०००००००० |
| **जम्मा** | | | ४८७९५४००० | ३१२२६००००० | ०.०० | ८००२१४००० |

आज्ञाले
गणेश प्रसाददाहाल
प्रमुखप्रशासकीयअधिकृत